## त्रिभुवन विश्वविद्यालय

# कानून संकाय

### डीनको कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौं ।

## एल्.एल्.एम्.प्रथम सिमेष्टरमा भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धी सूचना ।

त्रिभुवन विश्वविद्यालय, कानून संकाय अन्तर्गतका आंगिक क्याम्पस नेपाल ल क्याम्पस तथा सम्बन्धन प्राप्त क्याम्पस नेशनल ल कलेजमो दिवा समयमा संचालन हुने चार सिमेष्टर एल्.एल्.एम. तथा नेपाल ल क्याम्पसको बिहानी समयमा संचालन हुने ६ सिमेष्टर एल्.एल्.एम.कार्यक्रमको शैक्षिक वर्ष २०७४/०७५ को प्रथम सिमेष्टरमा भर्नाका लागि लिइने प्रवेश परीक्षा सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १) | **आवेदन फाराम वितरण र दर्ता:** | २०७४ साल **माघ ७ गते** देखि २०७४ साल **माघ २९ गते** सम्म विहान ११.०० बजे देखि दिउँसो २.०० बजे भित्र । |
| २) | **फाराम उपलब्ध हुने स्थान:** | आवेदन फाराम, कानून संकाय, प्रदर्शनी मार्ग काठमाडौंबाट प्राप्त गर्न वा www.fol.edu.np तथा www.nlc.edu.np बाट डाउनलोड गरी **back to back print** गरी बुझाउन सकिनेछ । |
| ३) | **फाराम बुझाउने स्थान:** | कानून संकाय, डीनको कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौं । |
| ४) | **प्रवेश परीक्षा दस्तुर:** | **रु. १५००।- (अक्षरुपी एक हजार पाँच सय मात्र)** |
| ५) | **प्रवेश परीक्षा मिति र समय:** | २०७४ साल **फागुण ५ गते शनिबार** बिहान ११:०० देखि २:०० बजे सम्म । |
| ६) | **प्रवेश परीक्षामा आवेदन गर्ने शैक्षिक योग्यता** | प्रवेश परीक्षा फर्म भर्ने अन्तिम मितिसम्ममा कानुन स्नातक उतीर्ण भएका विद्यार्थीहरुले मात्र आवेदन गर्न पाईने छ । |

७) एल्.एल्.एम.कार्यक्रममा त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धि सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४ वमोजिम विपन्न वर्गका लागि आरक्षित स्थान सहित दिवा समूहको (चार सिमेष्टर) एल्.एल्.एम. कार्यक्रममा त्रि. वि. को आंगिक क्याम्पस नेपाल ल क्याम्पस, काठमाडौं तथा सम्बन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, ललितपुरमा ५०/५० जना तथा बिहानी समूहको (छ सिमेष्टर) एल्.एल्.एम. कार्यक्रममा नेपाल ल क्याम्पस काठमाडौंमा मात्र ३५ जनाको एक समूहमा मात्र प्रवेश परीक्षाको योग्यताक्रम (Merit List) को आधारमा मात्र भर्ना लिइनेछ ।

८) प्रवेश परीक्षा विधिशास्त्र विषयमा मात्र लिइने भएको हुनाले कानून स्नातक तहको विधिशास्त्रको पाठ्यक्रम नै प्रवेश परीक्षाको पाठ्यक्रम हुनेछ ।

९) प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ।

| क्र.सं. | प्रश्नको प्रकृति | प्रश्न संख्या तथा अंकभार | जम्मा अंकभार |
|---|---|---|---|
| १. | वस्तुगत बहुत्तर प्रश्नहरु (Objective Questions-MCQ) | ५०×१ | ५० |
| २. | विषयगत लामो उत्तर प्रश्न | १×२० | २० |
| ३. | विषयगत छोटो उत्तर प्रश्न | २×५ | १० |
| ४. | रचनात्मक लेख (Creative Writing) | १×२० | २० |
| | | **जम्मा पूर्णाङ्क** | **१००** |

१०) एल्एल्.एम कार्यक्रममा तपसील बमोजिमका ऐच्छिक विषयहरु मध्ये क्याम्पसले अध्ययन गराउने कुनै दुई ऐच्छिक विषय अध्ययन गर्नु पर्ने भएकाले प्रवेश परीक्षा फारम भर्ने समयमा नै आफुले अध्ययन गर्न चाहेको कुनै दुई ऐच्छिक बिषय छनौट गर्नु पर्नेछ। तर कुनै ऐच्छिक विषय अध्ययन गर्ने विद्यार्थीको संख्या पाँचभन्दा कम भएमा उक्त विषयको पठन पाठन हुने छैन। सो अवस्थामा अन्य ऐच्छिक विषय लिई अध्ययन गर्नु पर्ने भएकोले प्रवेश परीक्षा फारम भर्दाका बखत्मा आफनो रुचीका आधारमा ऐच्छिक विषयमा १ देखि ५ नम्बरसम्म प्राथमिकता क्रम निर्धारण गर्नु पर्नेछ, सो प्राथमिकता क्रमका आधारमा ऐच्छिक बिषय तोकिने छ। प्रवेश परीक्षा फारममा आफूले तोकेको प्राथमिकताको क्रम भन्दा बाहिर गई बिषय छनौट गर्न पाईने छैन।

**जस्तै उदाहरणका लागि** क भन्ने परीक्षार्थीले १ र २ नम्बर प्राथमिकतामा राखेको बिषय मध्ये प्राथमिकता नम्बर १ को बिषय पढाई नहुने २ कोमात्र हुने भएमा १ को सट्टा प्राथमिकता नम्बर २ र ३ को बिषय बिषय अध्ययन गर्नु पर्नेछ।

| ऐच्छिक विषयहरुः | प्राथमिकता क्रम |
|---|---|
| (क) संवैधानिक कानून | १ |
| (ख) अन्तर्राष्ट्रिय कानून | ३ |
| (ग) वाणिज्य कानून | ५ |
| (घ) फौजदारी कानून | ४ |
| (ङ) वातावरणीय कानून | २ |

११) सम्बन्धित क्याम्पसले कानून संकाय, डीनको कार्यालयको प्रवेश परीक्षाको नतिजाको योग्यताक्रम (Merit List) मा रहेका र तोकिएको मिति भित्र निवेदन दिएका विद्यार्थीहरु मध्ये दिवा समूहको चार सिमेष्टर एल्एल्.एम. कार्यक्रममा ३९ स्थानमा खुला र निम्न बमोजिमका आरक्षित ११ स्थान गरी जम्मा ५० स्थान तथा बिहानी समूहको छ सिमेष्टरको एल्एल्.एम. कार्यक्रममा २६ स्थानमा खुल्ला र निम्न बमोजिमका आरक्षित ०९ स्थान गरी जम्मा ३५ स्थानमा मात्र भर्ना लिनुपर्नेछ। आरक्षित स्थानमा भर्ना लिंदा सम्बन्धित वर्गका परीक्षार्थीहरुको वीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार मात्र भर्ना लिनुपर्नेछ। आरक्षित स्थानमा भर्नाका लागि न्यूनतम ४०% अंकप्राप्त गरेको सो

समुदायका योग्य उम्मेदवार नभएमा सो स्थानमा समेत खुल्ला तर्फ योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| दिवा एलएलएम (चार सिमेष्टर) | | बिहानी एलएलएम (छ सिमेष्टर) | |
|---|---|---|---|
| **विपन्न समुदाय** | **स्थान** | **विपन्न समुदाय** | **स्थान** |
| क) महिला | २ (दुई) | क) महिला | १ (एक) |
| ख) आदिवासी/जनजाति | २ (दुई) | ख) आदिवासी/जनजाति | १ (एक) |
| ग) मधेशी | १ (एक) | ग) मधेशी | १ (एक) |
| घ) दलित | १ (एक) | घ) दलित | १ (एक) |
| ङ) अपाङ्गता भएका व्यक्ति | १ (एक) | ङ) अपाङ्गता भएका व्यक्ति | १ (एक) |
| च) पिछडिएको दुर्गम क्षेत्र | १ (एक) | च) पिछडिएको दुर्गम क्षेत्र | १ (एक) |
| छ) मुश्लीम | १ (एक) | छ) मुश्लीम | १ (एक) |
| ज) थारु | १ (एक) | ज) थारु | १ (एक) |
| झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) | १ (एक) | झ) अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) | १ (एक) |
| **जम्मा** | **११ (एघार)** | **जम्मा** | **९ (नौ)** |

**स्पष्टिकरण १: परिभाषा**

- **"अन्य"** भन्नाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"** भन्नाले वार्षिक आयश्रोत रु. ४०,०००/- (अक्षरुपी रु चालीस हजार मात्र) भन्दा कम भई गरिविको रेखा मुनि रहेको खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकूरी, सन्यासी (दसनामी) समुदायलाई जनाउंछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउनेछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका विद्यार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप टप टु बटमको आधारमा ।
- मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसीभन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थी मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।

- “अन्य”को हकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यमध्ये उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।

**१२)** आवेदन फर्म साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

क) कानुन स्नातक तह वा सो सरह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्रहरु एक/एक प्रति

ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति ।

ग) त्रि.वि. वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट कानून स्नातक तह वा सो सरह उतीर्ण परीक्षार्थीहरुले त्रि .वि. को समकक्षता प्रमाण-पत्र एवं सम्वन्धित विश्वविद्यालय/शिक्षण संस्थाको सक्कल माइग्रेसन प्रमाण-पत्र र सो को प्रमाणित प्रतिलिपि दुबै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

घ) त्रि.वि. सिमेष्टर प्रणाली सञ्चालन विनियम, २०७४ र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धि सिटमा भर्ना गर्ने सम्बन्धि विनियम, २०७४ वमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारमका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षणमा दावी लाग्ने छैन ।

अ) आरक्षण दावी गर्ने सवै समुहका विपन्न वर्गका उम्मेदवारले कक्षा ८,९ र एस.एल.सी/एस.ई.ई कक्षा ११ र १२ सामुदायिक विद्यालयमा वा त्रि.वि.को आंगिक क्याम्पसमा अध्ययन गरेको भन्ने सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिशपत्र र स्नातक तह नेपाल भित्रका विश्वविद्यालयहरुको आंगिक क्याम्पसमा अध्ययन गरेको सम्बन्धित विश्वविद्यालयको सिफारिशपत्रका साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप वार्षिक आयश्रोत रु. ४०,०००/- (अक्षरुपी चालीस हजार मात्र) भन्दा कम भई गरिविको रेखा मुनि परेको भनि प्रमाण सहित आधार कारण खुलाईएको सिफारिसपत्र ।

आ) नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी नेपालभित्रका निजी स्कूल तथा कलेजमा कक्षा ८,९, एस.एल.सी./एस.ई.ई., कक्षा ११ र १२ सम्म र नेपालमा वा विदेशमा नेपाल सरकारको छात्रवृत्तिमा स्नातक तह अध्ययन गरेको भए सोको प्रमाण सहित शिक्षा मन्त्रालयको सिफारिशपत्र ।

इ) आरक्षण दावी गर्ने निम्न वर्गका उम्मेदवारले यसै बुँदाको (घ)को (अ) बमोजिमका शिफारिसपत्रका अतिरिक्त देहाय बमोजिमका कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

- अपाङ्गता भएका उम्मेदवारले राष्ट्रिय अपांग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रका साथै नेपाल सरकारले तोकेको निकायले जारी गरेको सक्कल परिचयपत्र ।
- आदिवासी/जनजाति उम्मेदवारले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिशपत्र ।
- दलित उम्मेदवारले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।
- पिछडिएको दुर्गम क्षेत्रका उम्मेदवारले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको स्थायी बसोबास भएको नागरिक भनि प्रमाणित गरेको सिफारिसपत्रका साथै जुन जिल्लाको नागरिकता लिएको

विद्यार्थी हो सोही जिल्लाको सरकारी स्कूलबाट कक्षा ८,९,एस.एल.सी./एस.ई.ई तथा कक्षा ११ र १२ पास गरेको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाण पत्र ।

- मधेसी समुदायका उम्मेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रका साथै पिछडिएको समुदायका मधेशीको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रका अतिरिक्त पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ अनुसार गठित पिछडिएको समुदाय जिल्ला समन्वय समितिको सिफारिस पत्र ।
- मुश्लीम समुदायका उम्मेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।
- अन्य अन्तर्गत विपन्न खस आर्यमा दावी गर्ने उम्मेदवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको खस आर्य समुदायमा पर्ने व्यहोराको सिफारिस पत्र ।
- अन्य अन्तर्गतका लैङ्गिक तथा यौनिक अल्पसंख्यक उम्मेदवारले आफू सो वर्गमा पर्ने कुराको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।

ङ) आरक्षण दावी गर्ने उम्मेदवारले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

च) आरक्षण प्राप्त गर्ने विद्यार्थीले त्रिभुवन विश्वविद्यालयका अन्य कुनै पनि आङ्गिक क्याम्पसका एकै समयमा कुनैपनि तह र कुनै पनी विषयमा आरक्षणमा भर्ना नगरेको हुनु पर्नेछ । साथै कुनै विद्यार्थीले अन्य विषयमा स्नातकोत्तर तहमा आरक्षण प्राप्त गरि सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्नेछैन ।

छ) आरक्षण सुविधा प्राप्त गर्ने विद्यार्थीले झुठो विवरण पेस गरी आरक्षण सुविधा लिइ भर्ना भएको प्रमाणित भएमा भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

(ज) आरक्षणमा भर्ना हुने विद्यार्थीले खुल्ला तर्फका विद्यार्थीले भर्ना हुन लाग्ने सरहको सबै शुल्क तिर्नु पर्नेछ ।

**१३)** विदेशी विद्यार्थी सामेल भई योग्यता क्रममा परेमा खुल्लातर्फको चार प्रतिशत सीटमा मात्र भर्ना लिइनेछ ।

**१४)** प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ ।

**१५)** प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ तर रचनात्मक लेख (Creative Writing) अनिवार्यरुपमा अंग्रेजी भाषामा लेख्नु पर्ने छ ।

**१६)** परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, बस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको बक्समा तोकिएको रेजा चिन्ह [√] बाहेक अन्य चिन्ह प्रयोग भएको पाईएमा पुरै उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

**१७)** परीक्षार्थीहरुले आवेदन फाराम भर्नु पूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

१८)	म्याद नाघी आएको तथा रीत नपुगेको आवेदन फाराम माथि कुनै कारवाही गरिने छैन ।

१९)	प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ ।

२०)	चार सिमेष्टर एल्एल्.एम्.कार्यक्रमको कक्षा दिवा समुहमा र छ सिमेष्टर एल्एल्.एम. कार्यक्रमको कक्षा विहानी समुहमा सञ्चालन हुनेछ । दिवा समुह भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय पुर्वान्ह दश बजे देखी अपरान्ह पाँच बजे (कार्तीक १६ गते देखी माघ १५गते सम्म पुर्वान्ह दश बजे देखी अपरान्ह चार बजे) सम्मको समयलाई जनाउने छ ।

२१)	प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा दुबै कार्यक्रमका लागि प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा आरक्षण कोटा समेत खुल्ने गरी कम्तिमा ४० प्रतिशत र सो भन्दा माथि अंक प्राप्त गर्ने सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गरिने छ ।

क) स्नातक तहमा प्राप्ताङ्कको प्रतिशत

ख) स्नातक तहमा विधिशास्त्र विषयको प्राप्ताङ्क

२२)	प्रवेश परीक्षाको नतिजामा योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा अध्ययन गर्न चाहेको कार्यक्रममा तोकिएको मिति र समय भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले तोकिएको मिति र समय सम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डिनको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

२३)	सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पूरा भएको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।


२४)	क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले अविलम्व फिर्ता गर्नु पर्नेछ ।

२५)	प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

२६)	नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा समेत यसै प्रवेश परीक्षाको नतिजालाई आधार मानिनेछ ।

२७) प्रवेश परीक्षा शुल्क वापतको रकम रु १५००।- त्रि.वि. **कानुन संकाय डीनको कार्यालयको** नाममा रहेको **नेपाल बैकं लिमिटेडको** च.हि.नं. **२१७००१००१९२४३४०००००१** मा जम्मा गरी बैकं भौचर भरी आवेदन फर्मसाथ वुझाउनु पर्नेछ ।

२८) यो सूचना www.fol.edu.np तथा www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।



**प्रा.डा.ताराप्रसाद सापकोटा**
**डीन**
**कानून संकाय, डीनको कार्यालय, त्रि.वि.**

मिति : २०७४/१०/०७